# बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समिति

सिंहदरबार, काठमाडौँ

## सम्भाव्य उम्मेदवारको नाम सूचीकृत गर्न फाराम पेस गर्ने सूचना

**प्रकाशित मितिः २०७५।१२।२५**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (१) बमोजिम उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि नाम सिफारिस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।१२।११ को निर्णयानुसार गठित सो ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सिफारिस समितिले उल्लिखित आयोगको अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि नाम सिफारिस गर्ने प्रयोजनको लागि "बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिससम्बन्धी छनौट प्रक्रिया, २०७५" कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको सूचनापाटी तथा वेबसाइटमार्फत प्रकाशन गरी सार्वजनिक गरी सकिएको छ।

तसर्थ, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि इच्छुक उल्लिखित ऐनको दफा ४ बमोजिमको योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको व्यक्तिले सिफारिस समितिबाट निर्धारित छनोट प्रक्रियाको अनुसूचीबमोजिमको ढाँचामा फाराम भरी यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायको ठेगानामा पेस गर्नुहुन जानकारी गराइन्छ।

**ठेगाना:**

- सिफारिस समितिको सचिवालय, सिंहदरबार, काठमाडौँ (कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको भवन)
- फाराम तथा सम्बद्ध कागजात e-mail: infolaw@moljpa.gov.np मार्फत समेत पेस गर्न सकिनेछ।

**नोट:** बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिससम्बन्धी छनोट प्रक्रिया, २०७५ र सोको अनुसूची बमोजिमको ढाँचाको फाराम www.moljpa.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**सम्पर्क नं. ०१-४२१११८२**